प्रदेश सरकार
उद्योग,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा
कोशी प्रदेश, झापा, नेपाल

प.सं. ०८२/८३ मिति:२०८२/०४/२९
च.नं. ने.स. ११४५ गुंलागा ६ बिहीबार

# पशुपन्छी सम्बद्ध प्रकृतिक प्रकोप/ विपदजन्य क्षतिको राहत वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२९*
*प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०५/२७*

यस कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी सम्बद्ध प्राकृतिक प्रकोप/विपदजन्य क्षतिको राहात वितरणको लागि तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी ३० (तीस) दिन अर्थात मिति २०८२/०५/२७ भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

प्राप्त आवेदनको आधारमा पशुपन्छी तथा मत्स्यधन क्षतिको मूल्याङ्कन गरी नेपाल सरकारबाट जारी जारी विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ उपदफा (१) बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट विनियोजित बजेटको परिधिभित्र रही राहत वितरण गरिनेछ ।

थप जानकारीका लागिः कार्यालयको फोन नं. ०२३-५२३०८७/५२४१६१ वा मोबाइल नं ९८५२६७१३९० मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

## क. आवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु

१. क्षतिको विवरण सहित राहात मागको निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. सम्बन्धित वडा कार्यालयको क्षति मूल्याङ्कन सहितको सिफारिस पत्र
४. सम्बन्धित स्थानीय तह, पशु सेवा शाखाको सिफारिस पत्र
५. क्षति विवरण खुलाइएको प्रहरी मुचुल्का
६. क्षतिको विवरण खुल्ने रङ्गीन फोटोहरु
७. आवेदक छनौटको सूचना पश्चात चेकबुकको प्रतिलिपी र स्थायी लेखा नं पेश गर्नु पर्नेछ ।

## ख. आवेदन पेश गर्ने स्थानः

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा ।

२०८२/०४/२९
शितल भट्टराई
कार्यालय प्रमुख